# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल


प.सं:- २०७७/०७८
च.नं :- ६३ ५६

मिति : २०७७।०४।०८

बिषय : नाम नवीकरण गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
बेलकोटगढी नगरपालिका ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ नियमावलीको नियम ७ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुले यस आर्थिक बर्षमा पनि भत्ता लिन चाहेमा सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७५ को अनुसुचि ४ बमोजिम नाम नविकरणका लागि दिने दरखास्तको ढाँचामा यस श्रावण मसान्त भित्रमा नाम नविकरण गराई यस कार्यालयमा पठाउनुहुन जानकारी गराईन्छ । नविकरणका लागि दिने दरखास्तको ढाँचा यसै पत्रसाथ पठाईएको छ । नविकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । बालबालिका, अपाङ्गता वा आफैं उपस्थित हुन नसक्नेको हकमा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।

दामोदर दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - ४
दफा ७ को उपदफा १ सँग सम्बन्धित
(नाम नवीकरणका लागि दिने दरखास्तको ढाँचा)

मितिः ..........................

श्री अध्यक्ष / प्रमुखज्यू,
...............................गाउँपालिका / नगरपालिका
..............नं.वडाको कार्यालय।

विषयः- नाम नवीकरण सम्बन्धमा।

उपरोक्त विषयमा आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउने गरि नाम नवीकरण गरी दिनुहुन देहायको विवरण सहित यो दरखास्त पेस गरेको छु। मैले नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त सङ्घ संस्था तथा अन्य कुनै अन्तराष्ट्रिय सरकार वा सङ्घ संस्थाबाट मासिक रूपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

सामाजिक सुरक्षा भत्ताको किसिम: (उपयुक्त कुनै एकमा चिन्ह लगाउने)
जेष्ठ नागरीक/एकल महिला/विधवा/ पूर्णअपाङ्गता/ अति अशक्त अपाङ्गता/लोपोन्मुख आदिवासी जनजाति / बालबालिका

निवेदक

लाभग्राहीको मनाम, थरः-
परिचय-पत्र नं :-
दस्तखतः-

लिङ्ग :-
ठेगानाः-
सम्पर्क मोबाइल नं :-

बालबालिका वा अपाङ्गताको हकमा
संरक्षकको नाम, थरः-................................ संरक्षकको दस्तखतः-.............
सम्पर्क मोबाइल नं....................